apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

कक्षा ९ मा पढ्ने १६ वर्षे राहुल जसले काठमाडौंको ब्याटिङ ध्वस्त पारे

समाचार ४ पृष्ठ

● वर्षः १२ ● अंकः २८५ ● पृष्ठः ४ ● १३ कार्तिक २०८३ शुक्रबार (30 October 2026, Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

तस्करीसम्बन्धी भिडियो रिपोर्ट प्रसंग

पत्रकारलाई धम्की दिएको आरोपमा अजय पक्राउ, पत्रकार महासंघ र प्रेस चौतारीद्वारा अनुसंधान गरी कारबाही गर्न माग

अपन दैनिक ब्यूरो
सिरहा, कार्तिक १२ गते

सिरहामा तस्करीसम्बन्धी भिडियो रिपोर्ट प्रकाशित भएपछि पत्रकारलाई घरमै पुगेर धम्की दिएको आरोपमा अजय यादव पक्राउ परेका छन्। घटनाप्रति नेपाल पत्रकार महासंघ सिरहा शाखा र प्रेस चौतारी नेपाल, सिरहा शाखाले गम्भीर ध्यानाकर्षण भएको जनाउँदै निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न माग गरेका छन्।

अपन दैनिकमा सुरक्षाकर्मीकै मिलेमतोमा तस्करी फस्टाउँदै गएको विषयमा सोमबार भिडियो रिपोर्ट प्रकाशित भएको थियो। उक्त रिपोर्ट प्रकाशित भएपछि सिरहाको औरही गाउँपालिका-४, कमलपुर निवासी अपन दैनिकका संवाददाता श्यामकुमार यादवलाई बिहीबार बिहान करिब ९ बजे घरमै पुगेर धम्की दिएको आरोपमा सिरहा नगरपालिका-१८, लक्ष्मीनिया निवासी अजय यादवलाई प्रहरीले पक्राउ गरेको हो।

श्याम कुमार यादव (पत्रकार)


नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
सिरहा शाखा
Siraha Branch
मिति २०८३/०७/१२

प्रेस विज्ञप्ति

सिरहामा तस्करीसम्बन्धी भिडियो रिपोर्ट प्रकाशित भएपछि अपन दैनिकका सञ्चारकर्मी श्यामकुमार यादवलाई घरमै पुगेर धम्की दिएको घटनाप्रति नेपाल पत्रकार महासंघसिरहा शाखाको गम्भीर ध्यानाकर्षण भएको छ।

समाचार प्रकाशित भएकै कारण पत्रकारलाई धम्क्याउनु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप हो। महासंघ यस्ता गतिविधिको भर्त्सना गर्दै घटनाको निष्पक्ष अनुसन्धानदोषी ठहर हुनेमाथि कानुनबमोजिम कारवाही र पत्रकार यादवको सुरक्षाको सुनिश्चितता गर्न सम्बन्धित निकायसँग माग गर्दछ।

सञ्चारकर्मी यादवको उजुरीको आधारमा हाल धम्की दिने अजय यादव प्रहरी नियन्त्रणमा परेको छ। उनीमाथि निष्पक्ष अनुसन्धान गर्न र दोषी ठहरिए कानुन बमोजिम कारबाही गर्न सम्बन्धित निकायलाई अनुरोध गर्दछौं।

स्वतन्त्रनिष्पक्ष र निर्भीक पत्रकारिताको वातावरण निर्माण गर्नु राज्यको दायित्व हो। महासंघ प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षाका पक्षमा सदैव प्रतिबद्ध रहेको स्पष्ट पार्दछ।

मनोज बनैता यादव
अध्यक्ष
नेपाल पत्रकार महासंघ
सिराहा शाखा

'समृद्धिका लागि सञ्चार कर्म, प्रेस चौतारीको मद्दल मर्म'
प्रेस चौतारी नेपाल, सिरहा
PRESS CHAUTARI NEPAL, SIRAHA
PRESS CHAUTARI Estd. 1998

मिति : २०८३/०७/१२

प्रेस विज्ञप्ति

सिरहामा तस्करीसम्बन्धी भिडियो रिपोर्ट प्रकाशित भएपछि अपन दैनिकका सञ्चारकर्मी श्यामकुमार यादवलाई घरमै पुगेर धम्की दिइएको घटनाप्रति प्रेस चौतारी नेपाल, सिरहा शाखाको गम्भीर ध्यानाकर्षण भएको छ।

समाचार प्रकाशित गरेकै कारण पत्रकारलाई धम्की दिनु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप हो। प्रेस चौतारी नेपाल, सिरहा शाखा यस प्रकारका गतिविधिको भर्त्सना गर्दै घटनाको निष्पक्ष अनुसन्धान, दोषी ठहरिएमा कानुनबमोजिम कारबाही तथा सञ्चारकर्मी यादवको सुरक्षाको सुनिश्चितता गर्न सम्बन्धित निकायसँग माग गर्दछ।

सञ्चारकर्मी यादवले दिएको उजुरीका आधारमा धम्की दिएको आरोप लागेका अजय यादव हाल प्रहरी नियन्त्रणमा रहेको जानकारी प्राप्त भएको छ। घटनाको निष्पक्ष छानबिन गरी दोषी ठहरिएमा कानुनबमोजिम कारबाही गर्न सम्बन्धित निकायसँग आग्रह गर्दछौं।

स्वतन्त्र, निष्पक्ष र निर्भीक पत्रकारिताका लागि सुरक्षित वातावरण निर्माण गर्नु राज्यको दायित्व हो। प्रेस चौतारी नेपाल, सिरहा शाखा प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र पत्रकारको पेसागत सुरक्षाका पक्षमा सदैव प्रतिबद्ध रहेको स्पष्ट पार्दछ।

शिव कुमार साह
अध्यक्ष
प्रेस चौतारी नेपाल, सिरहा शाखा

पत्रकार यादवले घटनाबारे प्रहरीलाई खबर गरेपछि औरही प्रहरीबाट खटिएको टोलीले अजय यादवलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय सिरहामा बुझाएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक (डीएसपी) एवं प्रवक्ता रमेशबहादुर पालले जानकारी दिए। उनका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ।

नेपाल पत्रकार महासंघ सिरहा शाखाका अध्यक्ष मनोज बनैताले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा समाचार प्रकाशित भएकै कारण पत्रकारलाई धम्की दिनु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप भएको उल्लेख गरिएको छ। महासंघले घटनाको निष्पक्ष अनुसन्धान गर्न,

बाँकी पृष्ठ ३ ▸▸

जबसम्म सास छ, तबसम्म आश गर्नुपर्‍यो नि: मुख्यमन्त्री यादव

अन्य दलसँग औपचारिक र अनौपचारिक छलफल जारी

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १२ गते

नेकपा एमालेले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेको मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले संवैधानिक व्यवस्थाअनुसार विश्वासको मत लिने बताएका छन्।

विश्वासको मत लिँदा पक्षमा वा विपक्षमा जस्तोसुकै परिणाम आए पनि आफूले स्वीकार गर्ने उनको भनाइ छ।

अपन दैनिकसँग कुरा गर्दै मुख्यमन्त्री यादवले विश्वासको मत लिन अझै केही समय बाँकी रहेकाले अन्य दलसँग औपचारिक तथा अनौपचारिक छलफल भइरहेको बताए। विश्वासको मत लिने समयसम्म राजनीतिक परिस्थिति आफ्नो पक्षमा आउन सक्ने आशा व्यक्त गर्दै उनले भने, 'संवैधानिक व्यवस्थाअनुसार विश्वासको मत लिनैपर्छ। त्यो बेलासम्म केही त होला। राम्रो परिणाम आउला, नभए नराम्रो आउला। जबसम्म सास छ, तबसम्म आश गर्नुपर्‍यो नि।'

एमालेले सरकार छाड्नुको कारणबारे मुख्यमन्त्री यादवले १५ बुँदे सहमति कार्यान्वयन नभएको विषयलाई आधार बनाइएको बताए। तर, सहमतिका कतिपय बुँदा कार्यान्वयन भइसकेको

बाँकी पृष्ठ ४ ▸▸

सिरहाको झाझपट्टीबाट १५२ किलो गाँजा बरामद

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १२ गते

सिरहाको नवराजपुर गाउँपालिका-५ झाझपट्टीस्थित सीमा क्षेत्रबाट सशस्त्र प्रहरीले १५२ किलोभन्दा बढी लागुऔषध गाँजा बरामद गरेको छ। नेपालबाट भारततर्फ लैजाँदै गरेको अवस्थामा बरामद गरिएको हो।

सशस्त्र प्रहरीका अनुसार, बुधवार राति करिब १२ बजेप समयमा सशस्त्र प्रहरी बल नेपाल, नं. ७ गण हेडक्वार्टर सिरहाअन्तर्गत बीओपी नवराजपुरबाट खटिएको सशस्त्र प्रहरी नायब निरीक्षक (सप्रनि) को कमान्डमा रहेको सात सदस्यीय मोटरसाइकल गस्ती टोलीले गाँजा बरामद गरेको हो।

गस्ती टोलीले नवराजपुर गाउँपालिका-५ झाझपट्टीस्थित सीमा क्षेत्रमा टाउकोमा बोकेर नेपालबाट भारततर्फ लैजाँदै गरिएको अवस्थामा गाँजा फेला पारेको थियो। प्रहरी टोलीलाई देखेपछि गाँजा बोकेका व्यक्तिहरू ९ बोरा गाँजा छाडेर फरार भएका थिए।

बरामद गरिएको गाँजा कालो प्लास्टिकमा प्याक गरी बोराभित्र राखिएको अवस्थामा फेला परेको थियो। प्लास्टिकसहित यसको कुल तौल १५२ किलो १६० ग्राम रहेको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरीका एसपी सुमन जंग थापाका अनुसार बरामद गरिएको गाँजा आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा बुझाउने प्रक्रिया भइरहेको छ।

पोसाक खरिदबारे प्रहरीले संसदीय उपसमितिमा बुझायो एक बोरा विवरण

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक १२ गते

निर्वाचन प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको पोसाक खरिद सम्बन्धमा उठेको प्रश्नबारे संसदीय उपसमितिले प्रारम्भिक अध्ययन सुरु गरेको छ।

बिहीबार बसेको उपसमितिको बैठकले यही कार्तिक ३० गतेभित्र प्रारम्भिक अध्ययन सक्ने गरी आन्तरिक कार्यविधिसमेत तय गरेको छ।

'सार्वजनिक रूपमा उठेका प्रश्नहरूका सम्बन्धमा नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट विवरण प्राप्त भएको छ,' उपसमितिका एक सदस्यले भने, 'डकुमेन्ट चाङका चाङ छन्। बोरामै आएको थियो।'

उनका अनुसार उक्त एक बोरा विवरण उपसमितिको सचिवालयमै रहेर अध्ययन गर्ने गरी व्यवस्था मिलाइएको छ।

उनी भन्छन्, 'कार्तिक ३० गतेसम्म प्रारम्भिक अध्ययन सकौं भन्ने छ। हेरौं, के कति सकिन्छ।'

नेपाल प्रहरीले गत वर्ष माघमा निर्वाचन प्रहरीका लागि पोसाक खरिद गरेको थियो।

गत २१ फागुनको प्रतिनिधिसभा निर्वाचनका लागि नेपाल प्रहरीले एक लाख ३३ हजार ९८० जना र सशस्त्र प्रहरीले १५ हजार ११० जना निर्वाचन प्रहरी भर्ना गरेको थियो। दुवैतर्फ गरी एक लाख ४९ हजार ९० जना निर्वाचन प्रहरी भर्ना भएका थिए।

निर्वाचन प्रहरीका लागि भूगोल अनुसार प्रतिव्यक्ति न्यूनतम ५० हजार ९५४ रुपैयाँदेखि अधिकतम ८६ हजार ४८४ रुपैयाँ खर्च भएको थियो। उनीहरूले ४० दिनको पारिश्रमिक, रासन, यातायात खर्च र खाजा खर्च वापत रकम पाएका थिए।

सरकारले निर्वाचन प्रहरीलाई पोसाक वापत रकम उपलब्ध गराएको थियो। हिमाली भेगमा खटिनेले ११ हजार ५००, पहाडमा ७ हजार ९४५ र तराईमा खटिने प्रहरीका लागि ६ हजार १७० रुपैयाँका दरले रकम छुट्याइएको थियो।

निर्वाचन प्रहरीको पोसाक शीर्षकमा करिब एक अर्ब रुपैयाँ निकासा भएको थियो।

बाँकी पृष्ठ २ ▸▸

हवाई फायर गरेर दुई जना लागुऔषध कारोबारी पक्राउ

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १२ गते

सिरहामा प्रहरीले एक राउन्ड हवाई फायर गरेर ३१० ग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थसहित दुई भारतीय नागरिकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारतको मधुवनी जिल्ला, बेला पञ्चायत-८ निवासी ४४ वर्षीय लालबाबु सिंह र २६ वर्षीय धरमेन्द्र कुमार दास रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायब उपरीक्षक (डीएसपी) एवं प्रवक्ता रमेशबहादुर पालले जानकारी दिए।

लागुऔषध नियन्त्रण ब्युरो कार्यालय कोटेश्वर, काठमाडौंको टोली र जिल्ला प्रहरी कार्यालय सिरहाको समन्वयमा खटिएको प्रहरी टोलीले सिरहा नगरपालिका-१३ स्थित झुलुंगे पुल

बाँकी पृष्ठ ३ ▸▸

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

सम्पादकीय...

सिरहामा तस्करीः पत्रकारलाई धम्की र प्रहरीको जवाफदेहिता

सिरहा जिल्लामा भारतसँगको खुला सीमाको फाइदा उठाउँदै तस्करी भईरहेको छ। तस्करी नियन्त्रण गर्नु राज्यका सुरक्षा निकायका लागि महत्वपूर्ण जिम्मेवारी हो। तर जिल्लामा वर्षभरि अर्बौं रुपैयाँ बराबरको तस्करी हुने गरेको आरोप छ। जसले नेपाल प्रहरी र सशस्त्र प्रहरीको भूमिका, कार्यक्षमता तथा निष्पक्षतामाथि गम्भीर प्रश्न खडा भएका छन्। तस्करी नियन्त्रणका लागि खटिएका सुरक्षा निकायको समन्वय, निगरानी र प्रभावकारी कार्य सम्पादन बिना यति ठूलो परिमाणमा अवैध कारोबार सम्भव हुन्छ कि हुँदैन भन्ने विषयमा निष्पक्ष छानबिन आवश्यक छ। तस्करी नियन्त्रण गर्ने जिम्मेवारी पाएका प्रहरीले सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार रोक्नुपर्ने हो। तर तस्करीका गतिविधि निरन्तर भइरहेको आरोप सार्वजनिक भइरहने र अर्कोतर्फ केही सामान बरामद गरेर नियन्त्रण प्रभावकारी रहेको सन्देश दिन खोजिने प्रवृत्तिले प्रहरीको भूमिकामाथि शंका उत्पन्न गर्छ। तस्करी नियन्त्रणको नाममा गरिने बरामद मात्रै उपलब्धिको मापदण्ड हुन सक्दैन्। बरामद गरिएका सामानको परिमाणभन्दा पनि तस्करीको सञ्जाल कति भत्कियो, मुख्य कारोबारीमाथि कस्तो कारबाही भयो र अवैध कारोबार दोहोरिन नदिन के व्यवस्था गरियो भन्ने प्रश्न महत्वपूर्ण हुन्छ।

तस्करी रोक्ने जिम्मेवारीमा रहेका निकायमाथि नै मिलेमतोको आरोप लाग्नु सामान्य विषय होइन। यस्ता आरोपलाई बेवास्ता गर्ने, छानबिन नगर्ने कारणले नै जनविश्वास कमजोर हुँदै जान्छ। त्यसैले सिरहामा हुने तस्करीको वास्तविक अवस्था, सुरक्षा निकायको भूमिका र सम्भावित आर्थिक लेनदेनबारे निष्पक्ष तथा प्रमाणमा आधारित अनुसन्धान हुनुपर्छ। दोषीलाई कानुनी दायरामा ल्याउनुपर्छ। प्रहरीको वर्दी वा पद कसैलाई पनि जवाफदेहिताबाट उन्मुक्ति दिने माध्यम बन्नु हुँदैन्। तस्करीविरुद्ध समाचार संकलन गर्ने पत्रकारमाथि हुने धम्की र असुरक्षाले पनि गम्भीर प्रश्न उठाएको छ। अपन दैनिकका संवाददाता श्याम यादवले भारतबाट प्रहरीकै मिलेमतोमा तस्करी भइरहेको आरोपसम्बन्धी भिडियो रिपोर्टिङ गरेपछि तस्कर समूहका व्यक्तिहरू घरमै पुगेर धम्की दिएको छ। प्रहरीले धम्की दिने व्यक्तिलाई पक्राउ गरेको भएपनि त्यसपछि कानुनी प्रक्रिया अनुसार अनुसन्धान अघि बढाउनुको सट्टा आर्थिक लाभको उद्देश्यले मिलापत्र गराउन खोजिएको छ। कानुनी दायित्वबाट पन्छिने मात्र नभई पीडितलाई न्यायबाट वञ्चित गर्ने र दण्डहीनतालाई प्रोत्साहन गर्ने कार्य प्रहरीबाट हुनु हुँदैन्।

पत्रकारको काम समाजमा लुकेका अनियमितता उजागर गर्नु, सार्वजनिक निकायलाई प्रश्न गर्नु र नागरिकलाई सुसूचित गराउनु हो। तस्करी, भ्रष्टाचार र संगठित अवैध कारोबारबारे समाचार लेखेकै कारण पत्रकारले आफ्नो तथा परिवारको सुरक्षाबारे चिन्ता गर्नुपर्ने अवस्था लोकतान्त्रिक समाजका लागि स्वीकार्य हुन सक्दैन्। पत्रकारमाथि धम्की दिनु भनेको एउटा व्यक्तिलाई त्रास देखाउनु मात्र होइन, सार्वजनिक सरोकारका विषयमा सूचना प्रवाह गर्ने स्वतन्त्रतालाई कमजोर बनाउनु पनि हो। यस्तो अवस्थामा राज्यका सुरक्षा निकायले पत्रकारलाई सुरक्षा दिनुका साथै धम्की दिने व्यक्तिमाथि कानुनअनुसार कारबाही गर्नुपर्छ। पत्रकार यादवसहित सिरहाका सञ्चारकर्मीले तस्करीका विषयमा उठाएका प्रश्नलाई प्रतिशोध वा व्यक्तिगत विवादका रूपमा सीमित गर्नु हुँदैन्। उनीहरूले प्रस्तुत गरेका विवरण, भिडियो र उपलब्ध प्रमाणको निष्पक्ष परीक्षण हुनुपर्छ। समाचारमा उठाइएका विषयको अनुसन्धान गर्नुपर्छ। पत्रकारलाई धम्क्याएर वा दबाब दिएर प्रश्न दबाउनु कुनै पनि अवस्थामा उचित हुँदैन। समाचारमा त्रुटि भए त्यसको निराकरण कानुनी र व्यावसायिक प्रक्रियाबाट हुन सक्छ। तर समाचारप्रति असहमति व्यक्त गर्ने नाममा धम्की, दबाब वा गैरकानुनी सम्झौताको बाटो रोज्न मिल्दैन्।

तस्करी रोक्न प्रहरी चौकीदेखि जिल्ला तहसम्मका जिम्मेवार अधिकारीले आफ्नो कार्यशैलीको समीक्षा गर्न आवश्यक छ। सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबारको नियमित अनुगमन, शंकास्पद गतिविधिको अनुसन्धान, उजुरीमाथि निष्पक्ष कारबाही र अनुसन्धान प्रक्रियाको पारदर्शिता सुनिश्चित गर्नुपर्छ। कुनै कर्मचारी वा अधिकारीमाथि तस्करीमा संलग्नता वा मिलेमतोको आरोप लागेमा संगठनको प्रतिष्ठा जोगाउने नाममा ढाकछोप गर्नु हुँदैन्। बरु निष्पक्ष छानबिन र प्रमाणका आधारमा कारबाही गरेर संस्थागत विश्वसनीयता कायम गर्नुपर्छ। तस्करी नियन्त्रणको वास्तविक सफलता बरामद गरिएका सामानको सूची होइन्। अवैध कारोबारको सञ्जाल नियन्त्रण भएको छ/छैन् भन्ने कुरा हो। प्रहरीको वास्तविक प्रतिष्ठा आरोप दबाएर होइन, आरोपको निष्पक्ष छानबिन गरेर जोगिन्छ। पत्रकार सुरक्षित भए मात्र सार्वजनिक सरोकारका विषयमा निर्भीक प्रश्न उठ्न सक्छन्। कानुन सबैका लागि समान रूपमा लागू भए मात्र नागरिकले राज्यप्रति विश्वास गर्न सक्छन्। त्यसैले सिरहामा तस्करी नियन्त्रण, पत्रकारको सुरक्षा र प्रहरीको जवाफदेहितालाई एउटै सुशासनको सवालका रूपमा लिएर सम्बन्धित निकायले तत्काल प्रभावकारी कदम चाल्नुपर्छ। जसले गर्दा अवैध तस्करीलाई पनि रोक्न सकिन्छ र त्यसबाट हुने सक्ने अन्य अपराधिक कार्यलाई पनि निस्तेज पार्न बल मिल्छ। यसैले सिरहाका प्रहरी अधिकारीहरुले पत्रकारले उठाएको विषयमा गम्भीर छानबिन गरी मिलापत्र गराउनु भन्दा कानूनी कारबाहीको बाटो अंगिकार गर्नु नै उपर्युक्त हुन्छ।

मधेश प्रदेशमा एमालेको असन्तुष्टिको जड १५ बुँदे सहमतिमा के थियो ?

राजु अधिकारी

प्रदेश सभाको दोस्रो कार्यकालमा मुलुकका सातै प्रदेश मुख्यमन्त्री र मन्त्री उत्पादनको कारखाना बनेको भनेर लगातार आलोचना हुँदै आएको छ।

आलोचनाको यो दायरामा मधेश प्रदेश पनि नपर्ने कुरै भएन। २०७९ पुस २३ मा सरोजकुमार यादव (बारा) ले मधेशको मुख्यमन्त्रीको शपथ लिएयता प्रदेशले पाँच मुख्यमन्त्री पाइसकेको छ। तर, सरकार फेरिने क्रम भने अझै पनि रोकिने छाँट छैन।

पछिल्लो पटक सत्ता साझेदार एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकार फेरि संकटमा परेको छ।

२०७९ मंसिरमा सम्पन्न प्रदेश सभा निर्वाचनपछि मधेशमा जनता समाजवादी पार्टी (जसपा) नेपालका सरोजकुमार यादव (बारा) मधेशको मुख्यमन्त्री बनेका थिए।

प्रदेश सभाको यही कार्यकालमा मधेशमा जनमत पार्टीका सतीश कुमार सिंह, लोसपाका जितेन्द्रप्रसाद सोनल र एमालेका सरोजकुमार यादव (महोत्तरी) मुख्यमन्त्री बनिसकेका छन्।

अहिले कांग्रेसका कृष्णप्रसाद यादव मुख्यमन्त्री छन्। एमाले र नेकपासँग मिलेर सरकार चलाइरहेका उनको साथ एमालेले छाडेपछि उनको पदको भविष्य अन्योलमा परेको छ।

मधेश प्रदेश सरकारबाट समर्थन फिर्ता लिएको एमालेले अब जसपा नेपाल र जनमत पार्टीसँग नयाँ सत्ता समीकरणका लागि छलफल अघि बढाएको छ। मुख्यमन्त्री यादव नेतृत्वको सरकार पनि विश्वासको मत जुटाउने प्रयासमा छ। दुवै पक्ष दलहरूसँग निरन्तर छलफलमा छन्।

सरकारबाट एमाले बाहिरिएपछि अर्को सत्ता साझेदार नेपाली कम्युनिष्ट पार्टी (नेकपा) पनि अब के गर्छ भन्ने चासो बढेको छ।

मधेशको सत्ता समीकरणमा आएको पछिल्लो हलचललाई लिएर एमालेले मुख्यमन्त्री यादवतिर निशाना साँधिरहेको छ।

खासगरी गएको जेठ १२ मा कांग्रेस, एमाले र नेकपाबीच भएको १५ बुँदे समझदारी अनुसार सरकार अघि नबढेको र सहमति अनुसार कुनै काम नभएको भन्दै एमालेले सरकार छाडेको हो।

यद्यपि सरकारको नेतृत्व गरिरहेको कांग्रेस र सत्ता सहयात्री नेकपाका नेताहरू भने उक्त सहमतिका अधिकांश विषय कार्यान्वयन भइसकेको र केही प्रक्रियामा रहेको दाबी गरिरहेका छन्।

आखिर के थियो त त्यो १५ बुँदे सहमति, जसका कारण एमाले सरकार छाड्ने निर्णयमा पुग्यो ?

बजेट विनियोजनदेखि उपभोक्ता समितिमार्फत हुने विकास निर्माण, मन्त्रालयको संख्या, कर्मचारी सरूवा र आर्थिक सुशासनसम्मका विषय समेटिएको सहमतिबारे सत्ता साझेदार दलहरूकै दाबी बाझिएपछि मधेशको सत्ता राजनीति फेरि एकपटक अनिश्चित बनेको छ।

गएको जेठ १२ मा कांग्रेस, एमाले र नेकपाबीच भएको १५ बुँदे समझदारी कार्यान्वयन नभएको भन्दै एमालेले मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारबाट समर्थन फिर्ता लिएको हो।

एमालेले सरकार छाडेपछि मुख्यमन्त्री यादव विश्वासको मत जुटाउने प्रयासमा छन् भने एमालेले जसपा नेपाल र जनमत पार्टीसँग नयाँ सत्ता समीकरणका लागि छलफल अघि बढाएको छ।

एमाले मधेश प्रदेशका प्रमुख सचेतक हरिनारायण महतोका अनुसार सरकारले १५ बुँदे सहमतिअनुसार काम नगरेपछि समर्थन फिर्ता लिइएको हो।

'सरकारले १५ बुँदे सहमतिअनुसार कुनै पनि काम गरेन,' उनले भने, 'त्यही भएर सरकार छाड्दै हामीले समर्थन फिर्ता लिएका हौं।'

एमाले सांसद राजकुमार लेखीको आरोप पनि उस्तै छ।

उनका अनुसार समझदारी कार्यान्वयन गर्न सरकारको नेतृत्व गर्ने नेताहरूले गम्भीरता नदेखाएकाले समर्थन फिर्ता लिनुपरेको हो।

'तीन दलबीच भएको १५ बुँदे सहमतिअनुसार कुनै पनि काम भएन,' उनले भने, 'सरकारको नेतृत्व गर्ने साथीहरूमा यसप्रति फिटिक्कै गम्भीरता तथा सिरियसनेस नदेखिएको कारण समर्थन फिर्ता लिनुपरेको हो।'

तर, मुख्यमन्त्री कृष्णप्रसाद यादव भने एमालेले भनेजस्तो सहमति कार्यान्वयन नभएको अवस्था नरहेको बताउँछन्।

'१५ बुँदे सहमतिमध्ये अधिकांश कार्यान्वयन भइसकेका छन् भने केही प्रक्रियामा रहेकाले यसमा खासै ठूलो मतान्तर वा फरक छैन,' उनले भने।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री एवं नेकपा नेता कनिस पटेलले पनि सहमतिका कतिपय विषय कार्यान्वयन भएको दाबी गरे।

उनका अनुसार उपभोक्ता समितिमार्फत हुने काम अन्त्य गरी खुला प्रतिस्पर्धाबाट ठेक्कापट्टा गर्ने व्यवस्था, आर्थिक सुशासन र अनावश्यक रकमान्तर रोक्नेजस्ता विषयमा काम भएको छ।

'एमालेले कुन कारणले सम्झौता कार्यान्वयन भएन भन्यो, त्यो उनीहरूलाई नै सोध्नुपर्ने विषय हो,' पटेलले भने।

तीन दलबीचको समझदारीमा सरकार सञ्चालनको शैली, सुशासन, बजेट विनियोजन, विकास निर्माण, कर्मचारी व्यवस्थापन र मन्त्रालय बाँडफाँटसम्मका विषय समेटिएका थिए।

आर्थिक वर्ष २०८३-८४ को बजेट र त्यसअन्तर्गत सञ्चालन हुने योजनालाई सहमतिको प्रमुख आधार बनाइएको थियो।

समझदारीको पहिलो बुँदामा सत्ता साझेदार दलबीच आपसी समन्वय र समझदारीका आधारमा सरकार सञ्चालन गर्ने उल्लेख थियो। दोस्रो बुँदामा आम नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी सुशासन कायम गर्ने प्रतिबद्धता जनाइएको थियो।

बजेट निर्माणसम्बन्धी व्यवस्थामा आर्थिक वर्ष २०८३-८४ मा विकास योजनाका लागि एक करोड रुपैयाँभन्दा कम बजेट विनियोजन

बाँकी पृष्ठ ३

पोसाक खरिदबारे प्रहरीले संसदीय ....

प्रहरी मुख्यालयले खटिएको ठाउँमा जान र फर्कन तयारी खर्च भनी ८४८ रुपैयाँ र चार दिन तालिम हुँदा खाजा वापतको एकमुष्ट १२ सय रुपैयाँ पनि दिएको थियो। अहिले विवादमा परेको खर्च पोसाक वापतको रकमको हो।

डेढ महिनाका लागि मात्रै नियुक्त ती प्रहरीलाई कमसल सामग्री उपलब्ध गराइएको भनेर उठेको प्रश्नबारे अध्ययन गर्न संसदीय उपसमिति गठन भएर अध्ययन सुरु भएको हो।

१६ असोज २०८३ मा प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिले निर्वाचन प्रहरीको पोसाक खरिदबारे अध्ययन गर्न उपसमिति गठन गरेको थियो।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाको नेतृत्वमा गठित ९ सदस्यीय उपसमितिमा सांसदहरू ऐन महर, योगेश गौचन थकाली, आरेन राई, खगेन्द्र सुनार, खुश्बु ओली, रमेशकुमार मल्ल, गणेश धिमाल र महेन्द्रबहादुर शाही सदस्य छन्।

यो उपसमितिको पहिलो बैठक २१ असोज २०८३ मै बसेको थियो। दोस्रो बैठक बिहीबार बसेको हो।

बिहीबारको बैठकले प्रारम्भिक अध्ययनको काम यही कार्तिक ३० गते सक्ने गरी आन्तरिक कार्यविधि बनाएको छ। उपसमितिलाई दुई महिनाको समयसीमा दिइएको छ।

माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

आजको राशिफल

मेष : दिन राम्रो छ। थोरै बोल्दा नै काम बन्ने दिन छ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

बृष : दिन राम्रो छ। मन प्रशन्न बन्नेछ। बोलीका कारण राम्रो काम बन्नेछ।

मिथुन : आम्दानीका स्रोतहरु भेटिने छन्। मानसम्मान प्राप्त हुने दिन छ। साथीभाइसँगको भेटले नयाँ योजना तय हुन सक्छ।

कर्कट : दिन राम्रो छ। परिवारसँग रमाइलो गर्ने अवसर मिल्ने छ। परिवारको साथ लिएर अगाडि बढ्नु राम्रो हुन्छ।

सिंह : दिन राम्रो छ। स्वदेशमा रोजगारीको विकल्प फेला पर्नेछन्। गोप्य कुरा सार्वजनिक नगर्नु उचित हुन्छ।

कन्या : दिन राम्रो छ। शिक्षाको क्षेत्रमा नयाँ कामको सुरुवात हुनेछ। बौद्धिक व्यक्तिसँगको भेटले मन शान्त हुनेछ।

तुला : बौद्धिक क्षेत्रका साथीसँगको भेटले नयाँनयाँ योजना बन्नेछन्। परिवारको तनावले मन अशान्त बन्ने जोखिम छ।

वृश्चिक : दिन राम्रो छ। परिवारसँगको सम्बन्ध सुमधुर बन्नेछ। शिक्षामा गरेको मिहिनेतको फल प्राप्त हुनेछ।

धनु : दिन सामान्य छ। शिक्षामा समय बिताएमा फाइदा हुने योग छ। धार्मिक कार्यमा सहभागी भएमा मन शान्त बन्नेछ।

मकर : हरेक क्षेत्रमा काम गर्दा आज जोगिएर काम गर्नुपर्ने दिन छ। काममा अवरोध सिर्जना हुनेछ।

कुम्भ : दिन सामान्य छ। धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गरेमा मन शान्त बन्नेछ।

मीन : दिन राम्रो छ। शिक्षामा प्रगति हुने योग छ। कतैबाट शुभ समाचार सुन्न पाइने छ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।

ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

राजर्षिजनक विश्वविद्यालयको ९औं वार्षिकोत्सव सम्पन्न

विश्वविद्यालयलाई 'सेन्ट्रलाइज्ड डिजिटल प्रणाली' मा लैजाने घोषणा

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १२ गते

प्राज्ञिक विकास र गुणस्तरको सवालमा ठोस मुद्दाहरू उठाउँदै राजर्षिजनक विश्वविद्यालयले आफ्नो ९औं वार्षिकोत्सव विभिन्न कार्यक्रमसहित सम्पन्न गरेको छ।

स्थापनाको ९ वर्ष पूरा गरी १०औं वर्षमा प्रवेश गरेको अवसरमा आयोजित कार्यक्रममा विश्वविद्यालयले परम्परागत शैलीलाई तोड्दै अबका दिनमा गर्ने सुधार र मुख्य एजेन्डाहरूलाई सार्वजनिक गरेको हो।

कार्यक्रमको आरम्भमा विश्वविद्यालयका रजिष्ट्रार डा. जीवन काफ्लेद्वारा राष्ट्रिय झण्डा र विश्वविद्यालयको झन्डोतोलन गरिएको थियो भने उपकुलपति र रजिष्ट्रारद्वारा जारी संयुक्त शुभकामना सन्देशमा विश्वविद्यालयलाई गतिशील बनाउने एजेन्डालाई मुख्य प्राथमिकतामा राखिएको थियो।

यसपटकको वार्षिकोत्सवमा विश्वविद्यालयको प्रशासनिक, प्राज्ञिक र भौतिक सुधारका इस्यूहरूले बढी प्राथमिकता पाएका छन्।

विश्वविद्यालयले आफ्ना सम्पूर्ण शैक्षिक, प्रशासनिक, परीक्षा र लेखा प्रणालीलाई पूर्ण रूपमा 'सिकाइ व्यवस्थापन प्रणाली' (LMS) र एकीकृत डिजिटल नेटवर्कअन्तर्गत 'सेन्ट्रलाइज्ड' प्रणालीमा लैजाने घोषणा गरेको छ, जसले विद्यार्थीहरूलाई अनलाइनमार्फत नै सेवा लिन सहज बनाउनेछ।

यस्तै, 'स्कुल अफ हेल्थ साइन्स' को प्रभावकारी सञ्चालन, रोकिएका भौतिक पूर्वाधारहरूको निर्माणलाई तीव्र गति दिने र प्रयोगशालाहरूलाई प्रविधिमैत्री बनाउने विषयलाई मुख्य विषयका रूपमा उठाइएको छ।

मधेश प्रदेश र बजार मागअनुसार नैतिकवान्, प्राविधिक र नवप्रवर्तनकारी जनशक्ति उत्पादन गर्न पाठ्यक्रममा समयानुकूल सुधार गर्ने तथा विश्वविद्यालयभित्र हुने प्रशासनिक ढिलासुस्ती र बेथितिलाई अन्त्य गरी चुस्त कार्यशैली अपनाउने प्रतिबद्धता पनि जनाइएको छ।

समारोहमा विश्वविद्यालयका डिनहरू, प्राध्यापकहरू, कर्मचारीहरू र विद्यार्थीहरूको उपस्थिति रहेको थियो।

पत्रकारलाई धम्की दिएको आरोपमा अजय पक्राउ ....

दोषी ठहरिएकामाथि कानुनबमोजिम कारबाही गर्न तथा पत्रकार यादवको सुरक्षाको सुनिश्चितता गर्न सम्बन्धित निकायसँग माग गरेको छ।

त्यस्तै, प्रेस चौतारी नेपाल, सिरहा शाखाका अध्यक्ष शिवकुमार साहले जारी गरेको विज्ञप्तिमा पनि घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ। विज्ञप्तिमा पत्रकार यादवलाई घरमै पुगेर धम्की दिएको घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कानुनी कारबाही गर्न र सञ्चारकर्मीको सुरक्षाको सुनिश्चितता गर्न सम्बन्धित निकायसँग माग गरिएको छ। प्रेस चौतारीले स्वतन्त्र, निष्पक्ष र निर्भीक पत्रकारिताका लागि सुरक्षित वातावरण निर्माण गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा प्रतिबद्धता व्यक्त गरेको छ।

सिरहा जिल्लामा तस्करीसम्बन्धी गतिविधिबारे विभिन्न सञ्चारमाध्यमले पटकपटक समाचार प्रकाशित गर्दै आएका छन्। सीमा क्षेत्रमा तस्करी भइरहेको र यसमा केही सुरक्षाकर्मीको मिलेमतो रहेको आरोपसमेत सार्वजनिक हुँदै आएको छ।

नेपाल-भारत सीमाबाट हुने भनिएको अवैध कारोबारबारे निष्पक्ष अनुसन्धान गरी वास्तविकता सार्वजनिक गर्नुपर्ने माग उठिरहेका बेला तस्करीसम्बन्धी समाचार प्रकाशित गरेपछि पत्रकारलाई धम्की दिएको आरोपको घटनाले पत्रकारको सुरक्षा र निर्बाध रूपमा समाचार संकलन तथा प्रकाशन गर्न पाउने अधिकारको विषयलाई पुनः चर्चामा ल्याएको छ।

अब पञ्जीकरण विभागको विवरणबाट मतदाता नामावली अद्यावधिक गर्न सकिने

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक १२ गते

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीको विवरण उपयोग गरी मतदाता नामावली अद्यावधिक गर्न सकिने भएको छ। यसबारे निर्वाचन आयोग र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबीच बिहीबार समझदारी भएको छ।

समझदारी पत्रमा निर्वाचन आयोगका तर्फबाट सहसचिव राजेन्द्र कुमार केसी र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक कृष्ण पौडेलले हस्ताक्षर गरेका छन्।

समझदारीअनुसार मतदाता नामावली अद्यावधिक एवं विवरण प्रमाणीकरण गर्ने कार्यलाई थप सहज, व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीमा रहेका व्यक्तिगत घटना दर्तासम्बन्धी विवरण उपयोग गरिनेछ।

समझदारीअनुसार राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले

बाँकी पृष्ठ ४ ▸▸

हवाई फायर गरेर दुई जना लागुऔषध कारोबारी ....

क्षेत्रबाट उनीहरूलाई पक्राउ गरेको हो।

प्रहरीका अनुसार बिहीबार बिहान भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरूलाई नियन्त्रणमा लिन खोज्दा प्रहरी टोलीलाई देखेर भाग्न खोजेका थिए। त्यसपछि प्रहरीले एक राउन्ड हवाई फायर गरी दुवै जनालाई नियन्त्रणमा लिएको डीएसपी पालले बताए।

उनीहरूको साथबाट प्लास्टिक सहित ३१० ग्राम र प्लास्टिकबाहेक २९२.२२ ग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थ तथा एउटा मोटरसाइकल बरामद गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका दुवै जनालाई जिल्ला प्रहरी कार्यालय सिरहामा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

मधेश प्रदेशमा एमालेको असन्तुष्टिको जड १५ बुँदे ....

नगर्ने, परियोजना बैंकमा प्रविष्ट भएका योजनालाई प्राथमिकता दिने र अधुरा तथा अपुरा योजनाका लागि छुट्टै शीर्षक बनाएर बजेटमा समावेश गर्ने उल्लेख थियो।

तीन दलले बजेटमा योजनाको छनोट र रकम विनियोजन व्यवस्थित बनाउने प्रतिबद्धता गरेका थिए। तर, यी प्रावधानअनुसार बजेट तयार भयो कि भएन, कुन योजना कसरी समावेश भए र सहमतिअनुसार रकम विनियोजन भयो कि भएन भन्ने विषयमा एमाले र सरकारमा रहेका अन्य दुई दलको दाबी फरक छ।

विकास निर्माणका काममा पनि समयसीमा र प्रतिस्पर्धालाई जोड दिइएको थियो। आर्थिक वर्ष २०८३-८४ का योजनामा खुला तथा प्रतिस्पर्धात्मक विधि अनिवार्य गर्ने र आर्थिक वर्ष सुरू भएलगत्तै निर्माण कार्य अघि बढाउने समझदारी भएको थियो।

त्यस्तै, आर्थिक वर्ष २०८२-८३ को कानुनी समयसीमा समाप्त भएका उपभोक्ता समिति गठनसम्बन्धी पत्र रद्द गर्ने सहमति पनि गरिएको थियो। विकास निर्माणमा प्रतिस्पर्धात्मक प्रक्रिया अपनाउने र उपभोक्ता समितिसम्बन्धी पुराना व्यवस्था हटाउने विषयलाई समझदारीमा समेटिएको थियो।

मन्त्री पटेलले उपभोक्ता समितिको सट्टा खुला प्रतिस्पर्धाबाट ठेक्का गर्ने व्यवस्था सहितका काम कार्यान्वयन भइसकेको दाबी गरेका छन्। एमालेले भने यही सहमतिको कार्यान्वयनमा सरकार गम्भीर नभएको आरोप लगाएको छ।

१५ बुँदे समझदारीको चौथो बुँदामा मन्त्रिपरिषद्को आकार घटाउने र मन्त्रालय बाँडफाँट गर्ने व्यवस्था थियो। सहमतिअनुसार आर्थिक वर्ष २०८३-८४ देखि मुख्यमन्त्रीसहित नौ सदस्यीय मन्त्रिपरिषद् कायम गर्ने उल्लेख थियो।

मन्त्रालय बाँडफाँट गर्दा मुख्यमन्त्रीको पद साझा राख्दै एमालेले तीन, कांग्रेसले तीन र नेकपाले दुई मन्त्रालय पाउने व्यवस्था गरिएको थियो। सरकारको काम प्रभावकारी बनाउन मुख्यमन्त्रीको संयोजकत्वमा सरकारमा सहभागी संसदीय दलका नेता रहने कार्यदल गठन गर्ने प्रावधान पनि समझदारीमा थियो।

कर्मचारी सरूवालाई व्यवस्थित बनाउन आवश्यक मापदण्ड बनाएर कार्यान्वयन गर्ने विषय पनि सहमतिमा समेटिएको थियो। कानुनअनुसार सञ्चालन हुने प्रदेश सरकारका कार्यालयमा कर्मचारीको सरूवा र व्यवस्थापनलाई व्यवस्थित बनाउने प्रतिबद्धता तीन दलले गरेका थिए।

प्रदेशका कानुनलाई प्राथमिकताका साथ संशोधन र पुनरावलोकन गर्ने तथा आवश्यक नयाँ कानुन बनाउने सहमति पनि भएको थियो। संघीय सरकार र स्थानीय सरकारसँग आपसी समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा काम गर्ने प्रतिबद्धता समझदारीका बुँदामा समेटिएको थियो।

१५ बुँदे समझदारीको १३औं बुँदामा मुख्यमन्त्री र मन्त्रीहरूले आर्थिक सुशासन कायम गर्न नसके पदमुक्त गरिने उल्लेख थियो।

सार्वजनिक खर्च र विकास निर्माणका काममा आर्थिक अनुशासन कायम गर्ने विषयलाई दलहरूले यही प्रावधानमार्फत प्रतिबद्धताका रूपमा राखेका थिए।

यससँगै तीन दलले आगामी निर्वाचनसम्म गठबन्धनलाई निरन्तरता दिने प्रतिबद्धता पनि जनाएका थिए। तर, अहिले एमालेले समर्थन फिर्ता लिएर नयाँ सत्ता समीकरणको कसरत थालेपछि उक्त प्रतिबद्धता व्यवहारमा कायम रहने सम्भावना कमजोर बनेको छ।

१५ बुँदे समझदारीमा बजेट विनियोजन, विकास योजनाको कार्यान्वयन, उपभोक्ता समितिसम्बन्धी निर्णय, मन्त्रालयको आकार, कर्मचारी सरूवा, कानुन निर्माण र आर्थिक सुशासनसम्मका विषय समेटिएका छन्। तर, एमालेले समर्थन फिर्ता लिँदा कुन बुँदामा के निर्णय हुनुपर्ने थियो र त्यो नभएकाले सरकार छाड्नुपरेको हो भन्नेबारे स्पष्ट विवरण दिएको छैन।

एमालेका प्रमुख सचेतक महतो र सांसद लेखीले सहमति कार्यान्वयन नभएको र सरकार गम्भीर नभएको आरोप लगाएका छन्। मुख्यमन्त्री यादव र मन्त्री पटेलले भने अधिकांश विषय कार्यान्वयन भइसकेको वा प्रक्रियामा रहेको दाबी गरेका छन्।

मुख्यमन्त्री यादव नेतृत्वको सरकारबाट एमाले बाहिरिएपछि उनले संवैधानिक व्यवस्थाअनुसार ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत लिनुपर्नेछ। उनले कार्तिक २८ भित्र विश्वासको मत लिनुपर्नेछ।

'संविधानअनुसार हामी विश्वासको मत लिन्छौं,' उनले भने, 'त्यसका लागि सदन भित्रका सबै दलसँग औपचारिक र अनौपचारिक रूपमा छलफल भइरहेको छ।'

सरकारको भविष्यबारे सत्तारूढ नेकपाले पनि स्पष्ट धारणा सार्वजनिक गरिसकेको छैन।

मधेशका अर्थमन्त्री समेत रहेका नेकपा संसदीय दलका नेता युवराज भट्टराईले एक-दुई दिनमै सकारात्मक खबर आउने बताए। तर, त्यो खबर अहिलेको सरकारलाई निरन्तरता दिने विषयमा हो वा नयाँ समीकरणका सम्बन्धमा भन्ने प्रश्नमा उनले स्पष्ट जबाफ दिएनन्।

'यसबारे म अहिले धेरै बोल्दिनँ,' भट्टराईले भने।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री पटेलले पनि विभिन्न दलसँग छलफल भइरहेको तर कुनै निष्कर्षमा नपुगेको बताए। नेकपाको आगामी निर्णयले वर्तमान सरकारको निरन्तरतामा महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ।

मधेश प्रदेश सभामा कुल १०७ सदस्य छन्। यद्यपि अहिले कायम संख्या भने १०२ मात्रै छ। सरकारलाई निरन्तरता दिइरहन कायम संख्याको बहुमत अर्थात ५२ जनाको समर्थन आवश्यक पर्छ।

अहिले प्रदेश सभामा जसपा नेपालका २८, एमालेका २३, कांग्रेसका २२, नेकपाका १५ र जनमत पार्टीका १२ सांसद छन्। जसपा नेपालका एक सांसद सरोजकुमार सिंह निलम्बित अवस्थामा छन् भने राप्रपा र नेपाल संघीय समाजवादी पार्टीका एक-एक सांसद छन्।

मधेश प्रदेशमा पहिलो कार्यकालमा जसपा नेपालका नेता लालबाबु राउतले मुख्यमन्त्रीका रूपमा पूरै कार्यकाल सरकार चलाएका थिए। त्यसबेला पनि कुनै दलको स्पष्ट बहुमत थिएन। दोस्रो कार्यकालमा भने सरकारको नेतृत्व र गठबन्धन पटकपटक फेरिँदै आएको छ।

अन्य प्रदेशमा एमाले र नेकपासँग सहकार्य तोडेको कांग्रेसले मधेसमा भने तिनै दुई दलसँग मिलेर सरकार चलाइरहेको थियो।

अब कांग्रेस नेतृत्वको सरकारले निरन्तरता पाउँछ वा अर्को सत्ता समीकरण बन्छ भन्ने निर्णय आगामी केही दिनमा हुने राजनीतिक छलफलले तय गर्नेछ।

बजारको मागमा आधारित पाठ्यक्रम आवश्यक: शिक्षा मन्त्री पोखरेल

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक १२ गते

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले बजारको मागमा आधारित पाठ्यक्रम आवश्यक भएको बताएका छन्।

बागमती विश्वविद्यालयद्वारा हेटौंडामा आयोजित दिवसीय 'नेपालको उच्च शिक्षा प्रणाली सुदृढीकरण: प्रादेशिक विश्वविद्यालय व्यवस्थापन र समन्वय' विषयक दुईदिने गोष्ठीको उद्घाटन गर्दै मन्त्री पोखरेलले विश्वविद्याल सञ्चालन गर्दा औचित्य पुष्टि गर्ने गरी खोल्नुपर्ने बताए।

विश्वविद्यालयहरू भूगोलको आवश्यकतानुसार सञ्चालन गर्नुपर्नेमा जोड दिँदै मन्त्री पोखरेलले खोलिएका विश्वविद्यालयले भूगोलको आवश्यकता उक्त क्षेत्रले खोजेको रोजगारी जस्ता विषयलाई सम्बोधन गर्न सक्नुपर्ने बताए।

सङ्घीय र प्रादेशिक विश्वविद्यालय बीचको सम्बन्ध तथा विश्वविद्यालय अनुदान आयोगको भूमिकाबारे देखिएको अन्योलता हटाउनु आवश्यक भएको उल्लेख गर्दै उनले विश्वविद्यालय स्थापनापूर्व आयोगसँग परामर्श र समन्वय गरिएको भए वर्तमानमा देखिएका कतिपय समस्या उक्त समयमै समाधान हुन सक्ने बताए।

संविधानअनुसार प्रदेशमा एकभन्दा बढी विश्वविद्यालय स्थापना गर्न सकिने भए पनि आगामी दिनमा खुल्ने विश्वविद्यालयका विषयमा शुरुदेखि नै आयोगसँग समन्वय गर्नुपर्नेमा उनको जोड छ। शिक्षामा लगानी गर्ने कुरामा सरकार पछि नहट्ने बताउँदै मन्त्री पोखरेलले आवश्यकता र उपलब्ध स्रोतका आधारमा लगानी बढाइने धारणा राखे।

नतिजामुखी पाठ्यक्रमको निर्माण, प्रयोग र गुणस्तरको सुनिश्चितता सम्बन्धी व्यवस्था अब बन्ने ऐनमा स्पष्ट हुनु जरुरी रहेको उनको भनाइ थियो। बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले विश्वविद्यालयबाट उत्पादित जनशक्ति रोजगार मात्र नभई समाजलाई योगदान गर्न सक्ने किसिमको हुनुपर्ने बताए।

हाम्रा शैक्षिक संस्थाहरू समाजको आवश्यकतासँग जोडिनुपर्ने बताउँदै उनले बजारको वर्तमानको मागसँगै भविष्यमा आवश्यक पर्ने जनशक्तिको अनुमान पनि गर्नुपर्ने बताए। वर्तमान विश्व ज्ञान र नवप्रवर्तनमा आधारित भएको बताउँदै उनले समयको मागलाई आत्मसात गर्नु आवश्यक हुने बताए।

बागमती विश्वविद्यालयका अध्यक्ष प्रा डा चन्द्रमणि पौडेलले बागमती विश्वविद्यालयले समयसापेक्ष आवश्यकतालाई दृष्टिगत गरी पाठ्यक्रम तयार गरी अध्ययनअध्यापन गराइरहेको बताए।

कक्षा ९ मा पढ्ने १६ वर्षे राहुल जसले काठमाडौंको ब्याटिङ ध्वस्त पारे

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १२ गते

नेपाली क्रिकेटमा नयाँ प्रतिभाको खोजी भइरहेका बेला जनकपुर बोल्ट्सका युवा मध्यम गतिका बलर राहुल यादवले आफ्नो क्षमताको प्रभावशाली नमुना प्रस्तुत गरेका छन्।

कक्षा ९ मा अध्ययनरत १६ वर्षीय राहुलले नेपाल प्रिमियर लिग (एनपिएल) मा बिहीबार काठमाडौं गोर्खाजविरुद्ध चार विकेट लिए। यसअघि कर्णालीविरूद्धको डेब्यू एनपिएल खेलमा उनले १५ रन खर्चेर दुई विकेट लिएका थिए।

बिहीबार कीर्तिपुर स्थित त्रिवि मैदानमा काठमाडौंको ब्याटिङ धराशायी पार्ने क्रममा राहुलले चार ओभरमा ३१ रन खर्चिएर चार विकेट लिए। उनले साम हेजलेट, स्मित पटेल, कप्तान करण केसी र मोहम्मद आदिल आलमलाई आउट गरे। उनको प्रदर्शनले जनकपुरलाई काठमाडौंले दिएको ११६ रनको लक्ष्य पछ्याउन सहज बनायो। जनकपुरले आठ विकेटको जित निकाल्यो।

काठमाडौंविरूद्धको खेल पछि उनले पहिलो बलमै नै विकेट लिँदा आत्मविश्वास बढेको बताए।

'कर्णालीविरूद्धको पहिलो खेल एनपिएलमा मेरो पहिलो थियो। केही नर्भस थिए,' राहुलले भने, 'पहिलो खेलमा विकेट लिन सफल भएपछि आज त्यो डर भाग्यो। त्यसैले विहीबार विकेट लिन सफल भए।'

जनकपुर बोल्ट्ससँगको कुराकानीमा उनले आफ्नो बुबाले क्रिकेट नबुझ्ने पनि सपोर्ट गर्ने बताएका थिए।

मधेश प्रदेशको रौतहटस्थित चन्द्रपुरका राहुलले खुला मैदानबाट क्रिकेट खेल्न सुरु गरेका हुन्। चन्द्रपुर क्रिकेट एकेडेमीमा आफ्नो बलिङ कौशल निखारेका उनले कम उमेरमै आफ्नो गतिका कारण ध्यान आकर्षित गर्न थाले।

जनकपुर बोल्ट्सले आयोजना गरेको ट्यालेन्ट हन्टबाट छनोट भएका राहुल टोलीका आइकोनिक खेलाडीका रूपमा एनपिएलमा आबद्ध भएका हुन्। प्रतिभा पहिचान गर्ने प्रतियोगिताबाट ठूलो लिगसम्म पुग्नु उनको क्रिकेट यात्राको महत्त्वपूर्ण उपलब्धि हो।

एनपिएलअघि चन्द्रपुर क्रिकेट लिगमा पनि उनले प्रभावशाली प्रदर्शन गरेका थिए। उक्त प्रतियोगितामा म्यान अफ द म्याच बनेका राहुलले एनपिएलमा समेत आफ्नो क्षमता प्रमाणित गर्ने संकेत दिएका थिए।

एनपिएलमा कर्णाली याक्स विरुद्धको खेलमा राहुलले दुई विकेट लिएका थिए। त्यस प्रदर्शनले उनको बलिङ क्षमताबारे चर्चा सुरु गराएको थियो।

काठमाडौंविरुद्धको खेलमा भने उनले विकेट लिने क्षमतालाई अझ प्रभावकारी रूपमा प्रस्तुत गरे। शीर्षक्रमका ब्याटरलाई सुरुमै दबाबमा राखेका राहुलले यो सिजन राम्रो छाप छाड्ने संकेत गरेका छन्।

१५ वर्षपछि सञ्चालनमा आउँदै सिरहा-धनुषा जोड्ने कमला पुल

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १२ गते

सिरहा र धनुषा जोड्ने हुलाकी सडकअन्तर्गतको कमला पुल आगामी मंसिर पहिलो साताभित्र सञ्चालनमा ल्याउने लक्ष्यसहित निर्माण कार्यलाई तीव्रता दिइएको छ। पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले बिहीबार राति सामाजिक सञ्जाल फेसबुकमार्फत यसबारे जानकारी दिएका हुन्।

मन्त्री लम्सालका अनुसार लामो समयदेखि अलपत्र अवस्थामा रहेको उक्त पुलका बाँकी तीन वटा स्प्यानमध्ये पहिलो स्प्यानको स्ल्याब ढलान कार्य सम्पन्न भइसकेको छ। बाँकी रहेका दुई वटा स्प्यानको स्ल्याब कास्टिङको काम पनि आगामी पाँच दिनभित्र सक्ने तालिका बनाएर काम भइरहेको छ।

पुल निर्माणसँगै नदी नियन्त्रणका लागि आवश्यक कामहरू पनि निरन्तर अघि बढाइएको छ। विगत १५ वर्षदेखि रुग्ण बनेको यस महत्त्वपूर्ण आयोजनालाई निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउनु मन्त्रालयको मुख्य प्राथमिकतामा रहेको मन्त्री लम्सालले उल्लेख गरेका छन्।

जबसम्म सास छ, तबसम्म आश गर्नुपर्‍यो नि ....

र केही कार्यान्वयनको प्रक्रियामा रहेको उनले दाबी गरे। 'उहाँहरू मसँग असहमति भएरभन्दा पनि १५ बुँदे सहमति कार्यान्वयन भएन भनेर बाहिरिनुभयो। तर, त्यसमध्ये कतिपय सहमति कार्यान्वयन भएका छन्, केही कार्यान्वयन हुने क्रममा थिए। सबै कुरा भइसकेको पनि थिएन। किन एक्कासि छाड्नुभयो, मलाई पनि थाहा भएन,' उनले भने।

प्रदेशमा अर्को गठबन्धन बन्ने चर्चाबारे सोधिएको प्रश्नमा मुख्यमन्त्री यादवले गठबन्धन बन्ने र फेरिने विषयलाई सामान्य रूपमा लिएको बताए। राजनीतिक दलहरूका मुद्दा, उद्देश्य र स्वार्थ मिल्ने अवस्थामा गठबन्धन बन्ने उनको भनाइ थियो।

'सबैलाई सरकारमै जानुछ। सरकारमा जाने हो भने त्यहाँ आ-आफ्ना सर्त र सहमति हुन्छन्। कुन बेला कसको मिसन, आशय र मुद्दा मिल्छ, त्यसैअनुसार गठबन्धन गर्ने हो। गठबन्धन बन्छ, फेरिन्छ। मैले यसलाई सामान्य रूपमा लिएको छु' उनले भने। मुख्यमन्त्री यादवले सरकारको भविष्यबारे आफ्नो पार्टीको केन्द्रीय नेतृत्वले पनि चासो राखिरहेको र आफू केन्द्रसँग नियमित सम्पर्कमा रहेको जानकारी दिए।

विश्वासको मत प्राप्त हुनेमा कत्तिको विश्वस्त हुनुहुन्छ भन्ने प्रश्नमा उनले प्रयास जारी रहेको बताए। 'आश पनि छ, प्रयास जारी राखेकै छु। हेरौं, के हुन्छ,' उनले भने।

गत असोज ३० गते नेकपा एमाले तीनदलीय गठबन्धन सरकारबाट बाहिरिएपछि मधेश प्रदेश सरकार अल्पमतमा परेको हो। यद्यपि, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले सरकारलाई दिएको समर्थन भने फिर्ता लिएको छैन। मुख्यमन्त्री यादवले कात्तिक २९ गतेभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्नेछ।

१०७ सदस्यीय मधेश प्रदेश सभामा सरकार गठनका लागि कम्तीमा ५४ सांसदको समर्थन आवश्यक पर्छ। प्रदेशसभामा नेपाली कांग्रेसका २२, नेकपा एमालेका २३, जसपा नेपालका २७, नेपाली कम्युनिस्ट पार्टीका १५ र जनमत पार्टीका १२ सांसद छन्। त्यस्तै, संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सांसद छन्।

यस्तो अंकगणितबिच मुख्यमन्त्री यादवका लागि विश्वासको मत जुटाउनु चुनौतीपूर्ण देखिएको छ। अन्य दलसँग भइरहेको छलफलले कस्तो रूप लिन्छ र प्रदेशको सत्ता समीकरण कुन दिशामा अघि बढ्छ भन्ने विषय विश्वासको मत लिने समयसम्म स्पष्ट हुनेछ।

स्वच्छ शहर: स्वस्थ शहर
- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ध्वनी र वायु प्रदुषण कम गरौं,
- समय समयमा सवारी साधनको मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,

- सार्वजनिक स्थलका बोटविरुवाहरुको संरक्षण गरौं,
- सडकको नियमित मर्मत गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

अब पञ्जीकरण विभागको विवरणबाट मतदाता नामावली ....

आफ्नो प्रणालीमा रहेका व्यक्तिगत घटना दर्तासम्बन्धी विवरणहरू सुरक्षित प्राविधिक माध्यमबाट निर्वाचन आयोगलाई उपलब्ध गराउनेछ।

आयोगले प्राप्त विवरण मतदाता नामावली अद्यावधिक तथा विवरण प्रमाणीकरण गर्न उपयोग गर्नेछ। विवरणको सुरक्षित आदानप्रदान तथा उपयोगका लागि आवश्यक प्राविधिक प्रणाली विकास, तथ्याङ्कको सुरक्षा र गोपनीयता कायम गर्ने व्यवस्था मिलाइनुका साथै समझदारी कार्यान्वयनका क्रममा उत्पन्न हुने प्राविधिक विषयहरू सम्वोधन गर्न दुवै पक्षका प्रतिनिधि सम्मिलित संयुक्त प्राविधिक कार्यसमूह गठन गरिनेछ।

यस समझदारीको कार्यान्वयनबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीमा रहेका विवरणको उपयोगमार्फत मतदाता नामावली अद्यावधिक तथा प्रमाणीकरण कार्यलाई थप व्यवस्थित, विश्वसनीय र प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यसबाट मतदाता नामावलीमा शुद्धता कायम गर्न तथा निर्वाचन व्यवस्थापनसम्बन्धी कार्यमा सूचना प्रविधिको उपयोगलाई थप सुदृढ बनाउन योगदान पुग्ने विश्वास आयोगले लिएको आयोगका सहसचिव एवम् प्रवक्ता नारायण प्रसाद भट्टराईले बताए।